nepalpostdaily .com
# नेपाल पोष्ट डेली
दैनिक

23°C । वर्ष :११, अंक : ७० पृष्ठ ४ । बुधबार,२६ कार्तिक २०८२ । WEDNESDAY, NOVEMBER 12, 2025 .nepalpostdaily.com । मुल्य ५ रुपैंया

## गोखुल अपार्टमेन्टमा करोडौंको हेराफेरी: बैंकको ४७ करोड लगानी जोखिममा

नेपाल पोष्ट संवदाता

*बीरगन्ज,२५ कात्तिक ।*

वीरगंजको घण्टाघर नजिक पानगल्लीमा निर्माण सम्पन्न भएको गोखुल अपार्टमेन्ट ठूलो कानुनी विवादमा फँसेको खुलासा भएको छ । फ्लाट खरिदकर्तादेखि लगानीकर्ता बैंकसम्मको लगानी जोखिममा परेको छ। प्रदीप रुङ्टाले निर्माण गरेको सो अपार्टमेन्टमा भतिज उमंग रुङ्टाले अदालतमा पैतृक सम्पत्तिमा अंश दाबी गरेपछि विवाद चुलिएको हो । दुर्गादत्त रुङ्टाको नाममा रहेको ३० कठा जग्गा तीन छोराबीच बराबर १०/१० कठा बाँडिनुपर्नेमा एक भाइले १५ कठा कब्जा गरेपछि नाती उमंगले अदालतमा न्याय माग्दै मुद्दा दायर गरेका हुन् । उमंग रुङ्टाका अनुसार हजुरबुबाको नाममा पर्नुपर्ने १० कठा जग्गामध्ये ५ कठा जग्गा उनका काकाहरुले जालझेल गरी हडपे र सोही जग्गामा गोखुल अपार्टमेन्ट निर्माण गरिएको हो। उनका अनुसार ७ कठा क्षेत्रमा बनेको अपार्टमेन्टको जग्गा समेत पैतृक सम्पत्तिमा पर्छ।




पर्सा जिल्ला अदालतले मिति २०८२ भदौ ११ गते भू-सुधार र मालपोत कार्यालय पर्सालाई सो जग्गा खरिद-बिक्री रोक्का गर्न आदेश जारी गरेको छ। अदालतले जग्गा विवादमा रहेको भन्दै बैंकमा रोक्का रहेको जग्गा फुकुवा भएपछि मात्रै नयाँ रोक्का लागु हुने गरी आदेश दिएको हो। निर्माणकर्ता प्रदीप रुङ्टाले भतिजको अंश अधिकारको जानकारी हुँदाहुँदै पनि जालझेल गरी जग्गा हडप्ने प्रयास गरेको देखिन्छ। दुर्गादत्तका तीन छोरामध्ये विश्वनाथ रुङ्टाले माइलो दाइको ५ कठा जग्गा आफ्नो नाममा मिलाएको आरोप उमंगले लगाएका छन्। विवादित जग्गामा निर्माण भएको अपार्टमेन्टमा ८८एनसिसि बैंक (हाल कुमारी बैंक)८८ले ठूलो लगानी गरेको छ। रुङ्टाले बैंकलाई झुक्याउँदै विभिन्न नाममा ऋण स्वीकृत गराएको आरोप पनि छ। बैंकमा करिब ५० करोडको सम्पत्ति देखाएर ४७ करोड ऋण लिएको प्रमाणहरू देखिएका छन्। एनसिसि बैंक कुमारी बैंकसँग गाभिएपछि, नयाँ व्यवस्थापनले सो लगानीको विवरण माग्दा अपार्टमेन्टका कागजात अपूर्ण देखिएपछि आठ महिनासम्म ऋण रोक्का गरेको थियो । बैंकको धितोबन्धक लिखत २०७८ भदौ ३१ गतेको भए पनि अपार्टमेन्टले त्यसअघि नै २०७८ भदौ २५ गते ४१ करोड ३० लाख रुपैयाँ ऋण लिएर सोही दिन प्रदीप रुङ्टाको खातामा पठाएको प्रमाणले अपार्टमेन्टको निर्माणमा ठूलो आर्थिक जालझेल भएको पुष्टि गर्छ। हाल भू-सुधार तथा मालपोत कार्यालय पर्सालाई समेत आर्थिक प्रलोभनमा पारी लुज श्रेस्ता कायम गराई फ्लाट बिक्रीको अनुमति लिइएको आरोप छ।देशको आर्थिक संकटका बीच वीरगंजमा निर्माण भएका अन्य अपार्टमेन्टहरूजस्तै गोखुल अपार्टमेन्ट पनि बजारमा असफल बन्दै गएको

बाँकी अन्तिम पृष्ठमा

## मोटरसाइकल ठक्करबाट पैदलयात्रीको मृत्यु




*बीरगन्ज,२५ कात्तिक*

बारामा मोटरसाइकलको ठक्करबाट एक पैदलयात्रीको मृत्यु भएको छ ।मृत्यु हुनेमा बाराकै बारागढी गाउँपालिका वडा नम्बर २ बिसुनपुर्वाका ४२ वर्षीय छठु चौधरी रहेका छन् । मंगलबार बिहान बिसुनपुर्वा स्थित सडकमा बा ४४ प ८५४२ नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री चौधरी गम्भीर घाइते भएका थिए । दुर्घटनामा गम्भीर घाइते भएका उनको बाराको नौतनस्थित एलएस न्युरो अस्पतालमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ। मोटरसाइकल चालकलाई नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ।

## मुख्यमन्त्री यादवलाई दीर्घकालीन नीति निर्णय नगर्न सर्वोच्चको आदेश



*जनकपुर,२५ कात्तिक ।*

सर्वोच्च अदालतले मधेश प्रदेशका मुख्यमन्त्री सरोज यादवलाई दीर्घकालीन प्रभाव पार्ने कुनै पनि नीतिगत निर्णय नगर्न आदेश दिएको छ । न्यायाधीश टेकप्रसाद ढुंगानाको इजलासले सुविधा र सन्तुलनको दृष्टिकोणलाई ध्यानमा राख्दै यो आदेश जारी गरेको हो। सर्वोच्च अदालतको आदेश मुद्दाको अन्तिम निर्णय नआएसम्म लागू हुने जानकारी दिइएको छ। यो आदेश मुख्यमन्त्री नियुक्तिविरुद्ध रकिप्रसाद साहले दायर गरेको रिट निवेदनको आधारमा आएको हो। मधेश प्रदेश सरकार संविधानको धारा १६८९३० बमोजिम गठन गरिएको थियो । गत आइतबार, प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले दलहरूलाई छल्दै, ठूलो दलको हैसियतमा नेकपा एमाले संसदीय दलका नेता सरोजकुमार यादवलाई मुख्यमन्त्री नियुक्त गरेकी थिइन् । सोमबार, बिरामी भएको बहानामा काठमाडौं जान लाग्ने भन्दै महत्त्वपूर्ण समारोह महोत्तरीको बर्दिबासस्थित पानस होटेलमा नवनियुक्त मुख्यमन्त्री यादवलाई शपथ ग्रहण गराइएको थियो। तर, यो कदमपछि प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारी पदमुक्त भएकी छन् । राष्ट्रपति रामचन्द्र पौडेलको मन्त्रिपरिषद् सिफारिसमा भण्डारीलाई मंगलबार पदमुक्त गरिएको थियो। नयाँ प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णले शपथ ग्रहण गरिसकेका छन्।

## पूर्व मुख्यमन्त्री राउत र वडा अध्यक्ष यादवद्वारा भेडियाही सडकको निरीक्षण




नेपाल पोष्ट संवदाता

*बीरगन्ज,२५ कात्तिक ।*

पूर्व मुख्यमन्त्री तथा प्रदेशसभा सदस्य लालबाबु राउत र वडा नं. १५ का वडा अध्यक्ष रामेश प्रसाद यादवले आज बीरगन्ज-१५ भेडियाहीमा निर्माण हुँदै गरेको पक्की सडकको स्थलगत निरीक्षण गरेका छन् । नेशनल मेडिकल कलेजदेखि भेडियाही गाउँसम्म करिब ५ किलोमिटर लामो सडक निर्माण कार्य करिब रु. १४ करोड ७६ लाख ९६ हजार ३०३.७७ रुपैयाँको बजेटमा सञ्चालन भइरहेको छ। यो बजेट पूर्व मुख्यमन्त्री राउतले रेडबुकमा राखेका हुन्। यसअघि सो सडकको ठेक्का पप्पु कन्स्ट्रक्सन लाई दिइए पनि केही विवादका कारण काम रोकिएको थियो। हाल उक्त ठेक्का RIPL–Niriksha JV ले पाएको छ, र निर्माण कार्य Nikrisha Nirman Sewa Pvt. Ltd. ले तीव्र गतिमा अगाडि बढाइरहेको छ। निरीक्षणपछि पूर्व मुख्यमन्त्री राउतले भने,"यो सडकले अब निकास पाइसकेको छ। यसपटक मैले आफैं आएर अनुगमन गरेको छु, काम छिट्टै सम्पन्न हुनेछ ।" भेडियाही गाउँलाई मेडिकल कलेजसँग जोड्ने यो सडकले स्थानीयवासीहरूको दशकौंदेखिको समस्या समाधान गर्ने अपेक्षा गरिएको छ।

स्थानीय सन्तोष सर्राफका अनुसार,"पहिले मेडिकल कलेज पुग्न घुमाउरो बाटो हुँदै जानुपर्ने बाध्यता थियो, अब यो नयाँ बाटो बनेपछि यात्रा सजिलो भएको छ।" वडा अध्यक्ष यादवले भने,"अब वडा नं. १५ मा खेतमा जान पनि जुत्ता लगाएर जान सकिने अवस्था बनेको छ, किनभने अधिकांश सडकहरू कालोपत्रे र ढलान भइसकेका छन्।"

तीव्र गतिमा भइरहेको सडक निर्माणले भेडियाही गाउँ मात्र होइन, वरपरका बस्तीहरूलाई समेत आवागमन र विकासमा नयाँ सम्भावना दिलाउने विश्वास गरिएको छ।

## होटलमा मुख्यमन्त्रीलाई शपथ गराउनु "सङ्घीयतामाथिको प्रहार": कांग्रेस नेता प्रदीप पौडेल

*काठमाडौं,२५ कात्तिक ।*

नेपाली कांग्रेसका नेता प्रदीप पौडेलले मधेस प्रदेशका मुख्यमन्त्रीलाई बर्दिबासस्थित एक होटलमा शपथ ग्रहण गराइएको घटनालाई सङ्घीयताको मर्ममाथि नै प्रहार भएको टिप्पणी गरेका छन् । मङ्गलबार पार्टी कार्यालय सानेपामा पत्रकारहरूसँग कुरा गर्दै नेता पौडेलले राज्यका संरचनाहरू प्रचलित राज्यप्रणाली र यसको मर्यादा अनुसार नै सञ्चालन हुनुपर्नेमा जोड दिए । उनले तत्कालीन प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले पदीय मर्यादा र पद्धतिलाई ख्याल नगरेको आरोप लगाएका छन्। पौडेलले भने, 'अहिले मधेस प्रदेशको हकमा समेत मर्यादा कायम नगरेको, पद्धतिअनुसार काम नगरेको देखियो। प्रदेश प्रमुखले



गरेको काम पदीय मर्यादाविपरीत थियो। त्यसकारण मधेसमा पछिल्लो पटक भएको घटनाले सङ्घीयतामाथि प्रहार भएको देखियो ।'उनका अनुसार प्रदेश प्रमुखको यस्तो आचरणले सङ्घीय अभ्यासमाथि नै गम्भीर प्रश्न उठाएको छ । स्मरण रहोस्, मुख्यमन्त्रीलाई विवादित ढंगले होटलमा शपथ गराएको घटनालाई लिएर सरकारको सिफारिसमा राष्ट्रपतिले प्रदेश प्रमुख भण्डारीलाई पदमुक्त गरिसकेका छन्। नेता पौडेलको यो टिप्पणीले मधेस प्रदेशको राजनीतिक घटनाक्रमको गम्भीरतालाई उजागर गरेको छ।

## बीरगन्जमा एमालेको शक्ति प्रदर्शन: संसद पुन:स्थापनाका लागि संघर्ष जारी रहने

नेपाल पोष्ट संवदाता

*बीरगन्ज,२५ कात्तिक ।*

नेकपा (एमाले) बीरगन्ज महानगर कमिटीले मंगलबार शक्ति प्रदर्शन गर्दै विशाल मोटरसाइकल र्‍याली आयोजना गरेको छ। चिनिमिल आवास क्षेत्रबाट सुरु भएको र्‍यालीले बीरगन्ज महानगर घुमेर घण्टाघरमा पुगेर कोणसभामा परिणत भएको थियो । र्‍यालीको नेतृत्व महानगर अध्यक्ष नवराज शर्माले गरेका थिए। कोणसभामा पार्टीका केन्द्रीय सदस्य तथा पूर्वमन्त्री राजकुमार गुप्ता, केन्द्रीय सदस्य प्रभु हजरा, अरविन्द सिंह, मधेश प्रदेशका उपाध्यक्ष



बिचारी यादव, पूर्व मेयर विजय सरावगी, प्रदेशसभा सदस्य बिना शर्मा लगायतका नेताहरू उपस्थित थिए। वक्ताहरूले "जेन्जी आन्दोलन" को नाममा फैलिएको अराजकतालाई राजनीतिक षड्यन्त्रको रूपमा व्याख्या गर्दै तत्काल छानबिन र कारबाहीको माग गरे । उनीहरूले यस आन्दोलनलाई "राज्य अस्थिर

बाँकी तेस्रो पृष्ठमा

## १५ दिनपछि खुल्यो कटहरिया नगरपालिकाको ताला

*रौतहट,२५ कात्तिक ।*

करार र दैनिक ज्यालादारी कर्मचारीले बक्यौता तलब-भत्ता भुक्तानीको माग गर्दै गरेको तालाबन्दी १५ दिनपछि रौतहटको कटहरिया नगरपालिकामा खुलेको छ । सोमबार साँझ वडाअध्यक्षहरू र नगर कार्यपालिकाका सदस्यहरूले मेयर अजय प्रकाश जैसवाललाई तलब निकासा तत्काल गर्नुपर्ने सर्तमा तालाबन्दी खोल्ने निर्णय गरेका हुन् । वडाअध्यक्ष चन्दन कुशवाहाका अनुसार, मेयरले समस्या समाधानमा ध्यान नदिएको भन्दै सबै वडाअध्यक्ष र कार्यपालिका सदस्यहरू एकमत भएर यस्तो निर्णय गरेका हुन् ।कार्यपालिका

बाँकी तेस्रो पृष्ठमा

## नेपाल पोष्ट डेलीका लागि

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.
सम्पादक :- मनोज पटेल
कार्यकारी सम्पादक :- संतोष साह
सह-सम्पादक :- सरोज पटेल
सम्पर्क कार्यालय :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


# सम्पादकीय

## कांग्रेसको प्रतीक्षा

पुरानो लोकतान्त्रिक दल नेपाली कांग्रेसको झन्डै एक महिनादेखि केन्द्रीय समिति बैठकमा छ । दुई महिनाअघिको जेनजी विद्रोहपछि बदलिएको परिस्थितिमा कांग्रेसको निर्णय पार्टी पंक्ति मात्र होइन्, सिंगो मुलुकले प्रतीक्षा गरिरहेको छ । आउँदो २१ फागुनको आमचुनावमा जाने वा प्रतिनिधि सभा पुनर्स्थापित गरेर राजनीतिलाई संवैधानिक ट्र्याकमा फर्काउने भन्नेमा कांग्रेस प्रस्ट भइसकेको छैन । विघटित प्रतिनिधि सभाको सबैभन्दा ठुलो दलको अनिर्णयले राष्ट्रिय राजनीतिसमेत अन्योलग्रस्त हुन पुगेको छ । अर्को ठुलो दल नेकपा एमालेले संसद् पुनर्स्थापनाका लागि हस्ताक्षर संकलन गरिरहेका बेला कांग्रेसले पनि त्यस्तै अभियान सुरु गरेको छ । त्यसले कांग्रेसको संस्थापन पक्ष संसद् पुनर्स्थापनाको बाटोमा जाने सम्भावना पनि देखिन्छ । महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा भने आमचुनावको पक्षमा छन् । कांग्रेसलाई आमचुनाव कि प्रतिनिधि सभा पुनर्स्थापनामा जाने टुंग्याउनभन्दा ठुलो सकस पार्टी महाधिवेशन कहिले गर्ने भन्नेछ । झन्डै ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले विशेष महाधिवेशनको माग गर्दासमेत संस्थापन पक्ष सार्ने र टार्ने रणनीतिमा देखिन्छ । जेनजी विद्रोहपछि संस्थापनइतर समूहको चर्को दबाबपछि सभापति शेरबहादुर देउवा कार्यवाहक जिम्मेवारी उपसभापति पूर्णबहादुर खड्कालाई दिएर उपचारका लागि सिंगापुरमा छन् । तैपनि कांग्रेसमा महाधिवेशन कहिले गर्ने टुंगो लागेको छैन । संस्थापन पक्ष २१ फागुनको आमचुनावपछि वैशाखमा नियमित महाधिवेशन गर्ने पक्षमा छ भने संस्थापनइतर पक्ष पुसमा महाधिवेशन गरेर नयाँ नेतृत्वसहित पार्टी महाधिवेशनमा जानुपर्ने अडानमा छ । कार्यवाहक सभापति खड्काले मिलनबिन्दु जुटाउन सकेका छैनन् । लोकतान्त्रिक पार्टीका केन्द्रीय बैठकमा घनिभूत छलफल हुनु स्वाभाविक छ । तर राष्ट्रिय राजनीतिलाई नै 'डेडलक'मा राखेर कांग्रेस आफ्नो कमजोर निर्णय क्षमताको प्रदर्शन गरिरहेको छ । यसले कांग्रेसको पार्टी पंक्ति मात्र होइन्, सिंगो मुलुकमा अन्योलता सिर्जना गरिदिएको छ । राष्ट्रिय राजनीतिमा कांग्रेसको छवि परिपक्व पुरानो दलका रूपमा स्थापित छ । उसले लिने निर्णयले मुलुक आमचुनावतर्फ जान्छ वा प्रतिनिधि सभा पुनर्स्थापनाको एजेन्डामा अघि बढ्छ भन्ने टुंगो लगाउनेछ । अहिलेसम्म एमालेले संसद् पुनर्स्थापनाको एजेन्डासहित जनप्रदर्शनमा लागिसकेको छ भने १० वामघटक मिलेर बनेको नेपाली कम्युनिस्ट पार्टी, रास्वपा, राप्रपालगायतका दल चुनावको पक्षमा उभिएका छन् । तथापि, चुनाव हुनेमा धेरैलाई विश्वास भने छैन ।

# प्रदेश किन उपेक्षित ?

**राजेन्द्र पौडेल**



भदौ २३ र २४ को जेन-जी विद्रोहपछि मुलुकले अपनाएको संघीय शासन प्रणालीको औचित्यमाथि पुनः प्रश्न उठ्न थालेको छ । विशेषतः प्रदेश संरचना खारेज गरी स्थानीय तहलाई अझै अधिकारसम्पन्न बनाउनुपर्ने आवाज बढ्दै गएको छ । अर्कातर्फ, संघीय शासनको विकल्प खोज्ने कार्य हतारो हो कि भन्ने शंकासहितको जनमत पनि समानान्तर रूपमा अभिव्यक्त भइरहेको छ । आन्दोलनपछि सतहमा आएका विभिन्न राजनीतिक तथा सामाजिक प्रतिनिधिबीच यस विषयमा फरक-फरक दृष्टिकोण खुला रूपमा प्रस्तुत भइरहेका छन् । नेपालमा संघीय शासन प्रणालीलाई औपचारिक स्वरूप दिन २०७२ सालमा संविधान जारी गरिएको हो भने २०७५ देखि पूर्ण रूपमा कार्यान्वयनमा आएको हो । विगतबाट छिटपुट रूपमा संघीयताको कुरा उठ्ने गरे पनि यसलाई स्थापित गर्ने मूल श्रेय २०६३ सालको अन्तरिम संविधानपछि उदाएको मधेश आन्दोलन र अन्य जातीय-क्षेत्रीय आन्दोलनहरू नै हुन् । तत्कालीन राजनीतिक दलहरूले ती आन्दोलनलाई मत्थर पारी मुलुकलाई स्थायित्वको बाटोमा डोहोऱ्याउन बाध्य भएरै 'संघीयता' को मुद्दा स्वीकार गरेका थिए । त्यसैले संघीयता स्वतःस्फूर्त स्वीकृत मुद्दा नभई आन्दोलनको बलले स्थापित गरिएको व्यवस्था हो भन्ने तथ्य अस्वीकार गर्न सकिँदैन ।
यही पृष्ठभूमिमा संघीयताको मूल आत्मा मानिएको 'प्रदेश संरचना' प्रति छोटो अवधिमै असन्तोष बढ्नुका कारणहरू अध्ययनका लागि ज्वलन्त विषय बनेका छन् । जबर्जस्त रूपमा स्थापित संघीयताको प्रादेशिक संरचनाविरुद्ध किन जनमत बढ्दै गएको छ ? यसै प्रश्नलाई केन्द्रमा राख्दै 'प्रदेश किन उपेक्षित ?' भन्ने बहस अहिले राष्ट्रिय राजनीतिको केन्द्रबिन्दु बनेको छ । नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहबीचको राज्यशक्ति तथा अधिकार बाँडफाँट स्पष्ट पारेको छ । साझा अधिकार सूचीदेखि एकल अधिकार सूचीसम्म संविधानले किटान गरिसकेको छ । र, कार्यविस्तृतीकरण प्रतिवेदनले यसलाई थप स्पष्ट पारे पनि व्यवहारमा संघीय सरकारले प्रदेश सबलीकरणमा पर्याप्त कदम उठाउन सकेको छैन । संविधानले प्रदेशले संघीय कानुनसँग बाझिने कानुन बनाउन नहुने व्यवस्था गरेको छ तर संघीय संसद्ले आवश्यक कानुन निर्माण वा संशोधनमा इमानदार प्रयास नगर्दा प्रदेशहरू लामो समय कानुनी रिक्ततामा परे । बाध्य भएर प्रदेशहरूले आ-आफ्नै हिसाबले कानुन बनाउन थाले । जस्तै- संघीय निजामती सेवा ऐन अझै जारी भएको छैन तर प्रदेशहरूले आ-आफ्ना निजामती तथा स्थानीय सेवा ऐन बनाइसकेका छन् । परिणामतः प्रदेशहरूले बनाएका कानुनमा असमानता र विरोधाभास देखिएको छ र संवैधानिक इजलासमा दर्जनौं मुद्दा पुगेका छन् । वित्तीय संघीयताको क्षेत्रमा समेत संघीय सरकारको प्रतिबद्धता सन्तोषजनक देखिएन । प्रमुख कर तथा ठूला आयोजना संघकै नियन्त्रणमा रहँदा प्रदेशहरू आर्थिक रूपमा आत्मनिर्भर बन्न नसकी संघीय अनुदानमा निर्भर भए । यसले संघीय सरकारको नियतमाथि प्रश्न उठायो । त्यस्तै, कर्मचारी समायोजनमा देखिएको अव्यवस्था पनि गम्भीर चुनौती बन्यो । बलपूर्वक पठाइएका कर्मचारीहरूले संघीयताको विरोध गर्ने व्यवहार देखाए । संघीयता कार्यान्वयनको मेरुदण्ड मानिएको प्रशासनिक संयन्त्रलाई समयमै स्थायित्व दिन नसक्दा संघीयताको प्रभावकारिता नै कमजोर बन्न पुग्यो । **प्रदेश सरकारकै कमजोरी** संघीयता कार्यान्वयनको सुरुवाती चरणमा प्रदेश सरकारहरू अपेक्षाकृत छरितो र प्रतिबद्ध देखिएका थिए । सात सदस्यीय सानो मन्त्रिपरिषद्ले काम थालेका बेला कर्मचारी अभाव र कानुनी रिक्तता ठूलो चुनौती थियो । समय क्रममा यी समस्या केही हदसम्म समाधान भए तर प्रदेश सरकारले संघकै समानान्तर प्रवृत्ति देखाउन थाल्यो । अनावश्यक मन्त्रालय विस्तार, अस्वाभाविक आकारका मन्त्रिपरिषद्, जम्बो सल्लाहकार समूह र प्रशासनिक संरचना खडा गर्ने अभ्यासले चालु खर्च बढायो तर जनजीविकामा ठोस परिणाम ल्याउन सकेन । प्रदेश सांसदहरू पद र शक्ति हासिल गर्न दल फुटाउने वा अनेक तिकडम गर्ने 'मनांगे प्रवृत्ति' मा संलग्न भए । यसले जनविश्वास अझै घटायो । भ्रष्टाचार र अनियन्त्रित सेवा सुविधाले आलोचनालाई थप उचाइ दियो । केन्द्रमा सरकार परिवर्तन हुँदा त्यसको छाया प्रदेशमा पनि पर्न थाल्यो । संघीय नेतृत्वको इसारामा सरकार गठन वा फेर्ने अभ्यासले प्रदेशको स्वतन्त्रता कमजोर बनायो । परिणामतः संघीयताको आत्मा मानिएको प्रदेश सरकारले आफ्नै विवेकलाई बन्धकी राखेर चल्न थाल्यो र जनतामाझ विश्वासिलो विकल्पका रूपमा स्थापित हुन सकेन । **न्यायपालिकाको अप्रभावकारी भूमिका** प्रदेश सरकारलाई सबल र सक्षम बनाउन न्यायपालिकाले पनि योगदान पुऱ्याउन सक्थ्यो भन्ने अपेक्षा रह्यो । अदालतबाट हुने संवैधानिक तथा कानुनी व्याख्याले संघीय अभ्यासमा गहिरो प्रभाव पार्छन् भन्ने कुरा विद्वान्हरूले निरन्तर उठाउँदै आएका छन् । तर, व्यवहारमा न्यायपालिकाले प्रदेशको सक्षमता र स्वतन्त्रता सुनिश्चित गर्नेतर्फ अपेक्षित भूमिका निर्वाह गर्न सकेन । प्रदेशसँग सम्बन्धित काममा संघले सहजीकरण नगरेका वा अनावश्यक हस्तक्षेप गरेको भनी दर्ता भएका मुद्दा समयमा टुंग्याउन अदालत असफल रह्यो । भएका निर्णयहरूमा पनि एकरूपता र सामञ्जस्यता देखिएन । मधेश प्रदेश सरकारले संघ सरकारविरुद्ध दायर गरेको सागरनाथ वनसम्बन्धी मुद्दा होस् वा कर्मचारी समायोजनसम्बन्धी विवाद- ७ वर्षसम्म पनि निर्णय नभएको मात्र होइन, मिसिल नै खरानी भएको तीतो यथार्थ छ । गण्डकी प्रदेश सरकार गठनसँग सम्बन्धित रिटमाथि अदालतले गरेको व्याख्या र आदेशमा कानुनी क्षेत्रमा चर्को असहमति देखियो । संघबाट प्रदेशमा समायोजन भएर गएका कर्मचारीहरूले दायर गरेका रिटमा समेत फरक-फरक आदेश हुँदा प्रदेश सरकार र त्यहाँ कार्यरत कर्मचारी अनिश्चितताको चक्रमा फसे ।यसले न्यायपालिकामाथि केन्द्रीकृत सोच हाबी रहेको आरोपलाई बलियो बनाइदियो । संघीय संरचनामा प्रदेशको स्वतन्त्रता र स्थायित्व कायम गर्नुपर्ने संवैधानिक अभिभावकको भूमिकामा न्यायपालिका कमजोर देखिनु

बाँकी तेश्रो पृष्ठमा

# कोप : भव्य अवसर, फितलो तयारी

**कृष्णा पौडेल**

जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धिका पक्ष राष्ट्रहरूको ३० औं सम्मेलन (कोप-३०) ब्राजिलको बेलेममा सुरु भएको छ । तर, वर्तमान सरकारको सस्तो लोकप्रियता कमाउने लालसाले फितलो हुने देखिएको छ, विश्व जलवायु सम्मेलनमा नेपालको उपस्थिति । सम्मेलनमा नेपाल सरकारका तर्फबाट कृषि तथा पशुपन्छी विकासमन्त्री डा. मदनप्रसाद परियार नेतृत्वको ९ सदस्यीय टोली सहभागी छ । राष्ट्रपति वा प्रधानमन्त्री सहभागी हुनुपर्ने सम्मेलनमा मन्त्री पठाउने निर्णय भए पनि उच्चस्तरीय बैठकलाई भने वन तथा वातावरण मन्त्रालयका सचिवले सम्बोधन गरे । जलवायु परिवर्तन न्यायको मुद्दा नेपालका लागि राष्ट्रिय सरोकारको मात्रै होइन, अस्तित्वको विषय पनि हो । हिमाल पग्लिएदेखि मनसुन सकिएपछिको बाढी र बेमौसमी वर्षा तथा खडेरीसम्मको मार खेपिरहेको नेपाललाई तथ्यपरक न्याय खोज्ने उच्चतम अवसर हो- कोप-३० । तर, यो अवसरलाई सरकारले गम्भीर रूपमा लिएन । कोपको तयारी आन्तरिक र बाह्य दुवैतर्फ असाध्यै फितलो देखियो । नेगोसिएसनका विषय धेरै हुने भएकाले अन्तर्राष्ट्रिय वार्ताहरूमा नेपालको उपस्थिति कमजोर हुनेछ । **राष्ट्रिय स्थितिपत्र** देशको राष्ट्रिय स्थितिपत्रमा प्राथमिकता सूचीकृत हुनुपर्छ । साँघुरो घेरामा तयार राष्ट्रिय स्थितिपत्रले समसामयिक आवश्यकताका एजेन्डा सूचीकृत गर्न सकेको छैन । विगतका वर्षहरूमा कोपअघि हुने गरेका राष्ट्रिय सम्मेलन र विज्ञसँगका सघन कार्यशाला यस पटक भएनन् । जेन-जी समूहसँग छलफल गरेको सरकारले जलवायु विज्ञ, अनुसन्धानकर्ता, निजी क्षेत्र, स्थानीय सरकारलगायतलाई तयारी प्रक्रियाबाट बाहिर राख्यो । कोप-३० ले विश्वव्यापी अनुकूलन लक्ष्य (जीजीए) योजनाबाट कार्यान्वयनमा लैजाने सूचकलाई अन्तिम रूप दिने तयारी गरेको छ । जीजीएका सूचकलाई कोप-३० ले पारित गऱ्यो भने सूचकको मापन नेपालले कसरी गर्छ ? अनुगमन पद्धति के हुने ? कसरी बनाउने ? त्यो तयारीबिनाको उपलब्धिबाट लाभ लिन सकिँदैन । जीजीएका सूचकमा हिमालसँग सम्बन्धित समस्या र हाम्रो भूभाग समेट्ने विषय कति समावेश छन् ? त्यो आकलन छैन । राष्ट्रिय स्थितिपत्रमा अनुकूलनका सूचीहरू कहीँ फेला पर्दैनन् । जीजीएमा हिमालका निश्चित र निर्धारित सूचक पारिनु आम नेपालीको अपेक्षा हो । कूटनीतिक वार्तामार्फत पर्वत र हिमाल भएका देशसँग सहकार्य गरी आफ्नो विषय अधिकतम सूचकमा पर्ने वातावरण मिलाउन र पैरवी गर्न नेपाल चुकेको छ । एडप्टेसन फन्ड बोर्ड लगानी गर्न तयार छ । तर, सरकारले त्यसबाट अनुदान ल्याउन नागरिक समाजसँग मिलेर प्रस्ताव पेस गर्नुपर्छ । सरकारले चासो नदिएपछि नेपालमा काम गर्ने अन्तर्राष्ट्रिय संघसंस्थाले अन्य देशसँग मिलेर अनुकूलनका सूचक मापनको पद्धति निर्माण गर्दै छन् । केही वर्षयता मनसुनपछिको वर्षाका कारण नेपालले ठूलो क्षति बेहोर्दै आएको छ । यस वर्ष पनि भित्र्याउने बेलाको धानमा वर्षाले क्षति पुऱ्यायो । कृषि प्रविधिमा लगानी गरेको भए धान काटेर खेतमै सुकाउनुपर्ने बाध्यतामा कृषक हुँदैनथे । जलवायु संकट बढ्दै गएका दृष्टान्तले अनुकूलन अत्यावश्यक छ भन्ने देखाउँछ । अनुकूलनमा नागरिक संघसंस्थाहरूको सहयोगमा मुलुकका विभिन्न स्थानमा सानातिना प्रयासहरू भएका छन्, तथ्यांक सरकारसँग छैन । पछिल्ला दुई वर्षको क्षतिमा कति मानवीय संरचना ? र, कति जलवायु परिवर्तन ? त्यसको तथ्यांक पनि छैन । बढ्दै गएको जलवायु संकट समाधानका लागि राष्ट्रिय र स्थानीय अनुकूलन योजना, कार्यान्वयनमा लैजानुको विकल्प छैन । योजना कार्यान्वयनका लागि आवश्यक बजेट ल्याउन प्रोजेक्ट बैंक बनाउनुपर्छ भन्ने आवाज उठ्न थालेको वर्षौं भइसक्यो । नागरिक समाजले पेस गरेको प्रस्ताव मन्त्रालयले अड्काउने गुनासो विगतमा पनि सुनिने गरेकै हो । प्रस्ताव छिट्टै पास गरी वित्त ल्याउन सहयोग गर्नुभन्दा त्यसलाई अड्काएर राख्ने र समय गुजारेर सुझाव दिने कार्यले प्राप्त रकम पनि समयमै खर्च नभई फिर्ता गइसकेको छ । राजनीतिक नेतृत्व परिवर्तनले अन्य कतिपय क्षेत्रमा प्रभाव पारे पनि नियमित र वर्षौंदेखिको कुनै क्षेत्र विशेषमा भएका पहलकदमलाई निरन्तरता दिने कर्मचारी प्रशासनले नै हो । जेन-जी आन्दोलनको बहानामा राष्ट्रिय स्थितिपत्रलाई कमजोर र फितलो बनाउनु नागरिकप्रतिको गैरजिम्मेवारी हो । **नेगोसिएसनमा प्रभाव** उपस्थिति नै सानो संख्यामा भएपछि दैनिक ५० बढी समानान्तर बैठकमा प्रतिनिधित्व हुने कुरै भएन । विषयअनुसारका एजेन्डा र उपएजेन्डाहरू हुन्छन् । प्रतिनिधिले उच्चस्तरीय बैठकमा भाग लिने कि नेगोसिएसनमा बस्ने ? बिरालो बाँध्ने कामबाहेक गुणस्तरीय सहभागिता नभएपछि नेपालले यसै वर्ष गरेको 'सगरमाथा संवाद' अब 'हिमालको महँगो विज्ञापन' मा सीमित हुनेछ । विश्वस्तरमा हिमालको एजेन्डालाई प्रमुख मुद्दा बनाएर जलवायु न्यायका लागि पहल गर्ने भनी 'सगरमाथा संवाद' मा गरिएको खर्चको भरपाई

बाँकी तेश्रो पृष्ठमा

# अन्तर्राष्ट्रिय समाचार

## पूर्वप्रधानमन्त्री शेख हसिनाविरुद्धको फैसला नोभेम्बरको अन्त्यतिर आउने सङ्केत

***काठमाडौं,२५ कार्तिक ।***


बङ्गलादेशकी अपदस्थ पूर्वप्रधानमन्त्री शेख हसिनाविरुद्ध दायर मानवताविरुद्धको अपराधसम्बन्धी मुद्दाको फैसला यसै नोभेम्बर महिनाको अन्त्यतिर हुने अपेक्षा गरिएको छ । बङ्गलादेशका सरकारी अभियोजनकर्ताहरूले मंगलबार यसबारे जानकारी दिएका हुन् । गत महिना मुद्दा सुनुवाइ सकिएपछि फैसलाको मितिबारे केही भ्रम उत्पन्न भएको थियो । अदालतले नोभेम्बर १३ का लागि नयाँ सुनुवाइको मिति तोकेको छ, जसमा फैसला सुनाउने मिति घोषणा गरिने अपेक्षा गरिएको छ । बङ्गलादेशको अन्तर्राष्ट्रिय अपराध न्यायाधिकरणका अभियोजक गाजी मनोवर हुसेन तमीमले भने, ' बिहीबारको सुनुवाइको उद्देश्य केवल फैसलाको मिति घोषणा गर्नु हो । हाम्रो अघिल्ला अनुभवका आधारमा अदालतले अन्तिम फैसला सुनाउन थप एक हप्ता समय लिन सक्छ । नोभेम्बर १३ मा अदालतले फैसला सुनाउने मिति तोक्ने तयारी गरेको छ ।' सन् २०२४ अगस्टमा भएको घातक विद्रोहपछि शेख हसिनाको सरकार अपदस्थ भएको थियो । लामो समयदेखि सत्तामा रहेकी हसिनाको पतनसँगै बङ्गलादेश राजनीतिक अस्थिरतामा डुबेको छ । आगामी सन् २०२६ फेब्रुअरीमा हुन लागेको आमनिर्वाचनको पूर्वसन्ध्यामा हिंसात्मक घटनाहरू तीव्र बन्दै गएको छन् । ७८ वर्षीया हसिनामाथि विद्यार्थी नेतृत्वमा भएको आन्दोलनलाई दबाउने क्रममा घातक दमनको आदेश दिएको आरोप लगाइएको छ । भारतमा निर्वासनमा रहेकी उनी अदालतको उपस्थितिको आदेश उल्लङ्घन गर्दै अनुपस्थित रहेकी थिइन् । सन् २०२४ को जुन १ मा सुरु भएको उक्त मुद्दाको सुनुवाइमा सयौं साक्षीको बयान लिइएको थियो । अभियोजन पक्षका अनुसार हसिनाले सामूहिक हत्याको आदेश दिनुका साथै आन्दोलन रोक्न असफल भएर मानवताविरुद्धको अपराध गरेकी थिइन् । संयुक्त राष्ट्रसङ्घको तथ्याङ्कअनुसार सन् २०२४ को जुलाईदेखि अगस्टसम्मका बीचमा भएको हिंसामा झण्डै एक हजार ४०० जनाको मृत्यु भएको थियो । अभियोजकहरूले पाँच वटा प्रमुख आरोप दर्ता गरेका छन्, जसमा हत्या रोक्न असफल हुनु, मानवताविरुद्धका अपराध र राजनीतिक दमनलाई उक्साउने कार्य समेत समावेश छन् । दोषी ठहरिए हसिनालाई मृत्युदण्डको सजाय माग गरिएको छ । शेख हसिनाले भने सबै आरोप अस्वीकार गर्दै आफ्नो मुद्दालाई ' न्यायिक प्रणालीमाथिको मजाक' को संज्ञा दिएकी छन् । उनका सह-अभियुक्तहरूमा तत्कालीन गृहमन्त्री असदुज्जमान खान कमल र पूर्व प्रहरी महानिर्देशक चौधरी अब्दुल्ला अल-मामुन रहेका छन् । कमल हाल फरार छन् भने अल-मामुन हाल हिरासतमा छन् । अल-मामुनविरुद्धको फैसला पहिले नै सुनाइसकिएको छ । हसिनाको प्रतिबन्धित राजनीतिक दल अवामी लिगले बिहीबार राष्ट्रव्यापी ' लकडाउन' आह्वान गरेको छ, जसका कारण बङ्गलादेशभर सुरक्षा निकायहरूलाई उच्च सतर्कतामा राखिएको छ । राजनीतिक तनाव चुलिँदै गएको बङ्गलादेशमा अब सबैको ध्यान अदालतले शेख हसिनाविरुद्धको ऐतिहासिक फैसला कहिले र कस्तो दिने भन्ने विषयतर्फ केन्द्रित भएको छ ।




## दिल्ली विस्फोट : कारभित्र थिए पुलवामाका डाक्टर उमर, अहिलेसम्म १२ को मृत्यु

***काठमाडौं,२५ कार्तिक ।***

दिल्लीमा सोमबार साँझ लालकिल्ला मेट्रो स्टेशनको गेट नम्बर १ नजिकै भएको हुन्डाई आई२० कार विस्फोटसम्बन्धी एक सीसीटीभी फुटेज सार्वजनिक भएको छ । उक्त फुटेजमा कालो मास्क लगाएका एक व्यक्ति पार्किङ क्षेत्रबाट कार लिएर निस्कँदै गरेको देखिन्छ। त्यो कार चलाउने व्यक्तिको अनुहार पुलवामाका डाक्टर मोहम्मद उमर नबीसँग मिल्दोजुल्दो छ । डा. उमर फरीदाबादको अल फलाह विश्वविद्यालयमा फ्याकल्टीका रूपमा कार्यरत थिए । उनलाई जैश-ए-मोहम्मद चरमपन्थी मोड्युलसँग सम्बन्धित भएको आरोप छ । सुरक्षा निकायको आशंकाअनुसार उनी हरियाणाको फरीदाबादमा सक्रिय चरमपन्थी मोड्युलसँग जोडिएका थिए । दिल्ली विस्फोट हुनुभन्दा केही घण्टा अगाडि जम्मु-कश्मीर प्रहरीले फरीदाबादमा मोड्युलसँग सम्बन्धित ३ जना डाक्टरसहित ८ जनालाई पक्राउ गरेको थियो । पक्राउ परेकामध्येबाट करिब २,९०० किलो विस्फोटक पदार्थ, एक असल्ट राइफल र एक एके-४७ बरामद भएको थियो । प्रहरीले जैशसँग सम्बन्धित ४ डाक्टरको खोजी गरिरहेको जनाएको छ । जसमा डा. उमर पनि थिए । दाबी अनुसार, तीन डाक्टर पक्राउ परेपछि उमरले दिल्लीमा आत्मघाती हमला गरेको दाबी गरिएको छ। उमर तीन घण्टासम्म कारभित्रै बसेका थिए । उनी कारबाट बाहिर ननिस्केको पनि पाइएको छ। दिल्ली प्रहरीको विशेष शाखाका अनुसार, आई२० कार विस्फोट हुनुभन्दा पहिले करिब तीन घण्टा पार्किङ क्षेत्रमा थियो । डा. उमर त्यस समय कारभित्रै बसेका थिए । उनी त्यो समय बाहिर निस्किँदै निस्किएनन् । उनले त्यहाँ कसैको प्रतीक्षा गरिरहेका थिए वा निर्देशनको पर्खाइमा थिए भन्ने अनुमान गरिएको छ। साँझ करिब ६:५२ बजे कार विस्तारै अगाडि बढ्दै गर्दा लालकिल्ला मेट्रो स्टेशननजिक ट्राफिक सिग्नलमा विस्फोट भएको थियो । यस घटनामा अहिलेसम्म १२ जनाको मृत्यु भइसकेको छ र २१ जना घाइते छन्। डा. उमरको आमाको डीएनए नमूना परीक्षणका लागि लिइएको छ। दिल्ली पुलिसका अनुसार डा. उमरसँग भएका विस्फोटक पदार्थ सुरक्षित स्थानमा लैजाने तयारीमै वा पक्राउको डरले विस्फोट गराएको हुन सक्ने अनुमान गरिएको छ । तर विस्फोटको समयमा उनी कारभित्र थिए वा होइनन् भन्ने पुष्टि भएको छैन। यो पत्ता लगाउन पुलवामामा रहेकी डा. उमरकी आमाको डीएनए नमूना लिइएको छ । मृतकहरूको डीएनएसँग मिलान गरेर उमर नै कारभित्र मरेका हुन् कि होइनन् भन्ने पुष्टि गरिनेछ । पुलिसले हाल उमरकी आमा र उनका दुई भाइलाई नियन्त्रणमा लिएर सोधपुछ गरिरहेको छ। दिल्ली विस्फोटका मुख्य आरोपी मानिएका डा. उमर नबीकी भाभी मुजम्मिलले समाचार एजेन्सी एएनआईलाई भनिन्, 'पुलिसले मेरा श्रीमान्, देवर र सासूलाई लगेर गयो । उनीहरूले उमरबारे सोधे । हामीले उनी दिल्लीमा रहेका बतायौं । त्यसपछि उनीहरू तीनै जनालाई सोधपुछका लागि लिएर गए ।' उनका अनुसार, उमरसँग अन्तिम पटक शुक्रबार कुरा भएको थियो । उनको सगाइ भइसकेको थियो तर विवाह भएको थिएन। उनी पछिल्ला दुई महिनादेखि घर आएका थिएनन्। जब पनि घर आउँथे, क्रिकेट खेल्न व्यस्त रहन्थे । उमरका धेरै साथीहरू थिएनन्, उनी अध्ययनमा ध्यान दिने व्यक्ति थिए । **अन्य पक्राउ** जम्मु-कश्मीर प्रहरीले सोमबार हरियाणाको फरीदाबादबाट डा. मुजम्मिल शकील र लखनऊबाट महिला डाक्टर शाहिन शाहिदलाई पक्राउ गरेको थियो । मुजम्मिल शकीलको कोठाबाट ३६० किलो विस्फोटक पदार्थ र एक असल्ट राइफल बरामद भएको थियो ।





### प्रदेश किन उपेक्षित....

संघीय अभ्यासकै विश्वास घटाउने प्रमुख कारणमध्ये एक बन्न पुग्यो । **गैरजिम्मेवार मूलधारका मिडिया** संघीयताको अभ्यासलाई सुदृढ बनाउन मूलधारका मिडियाले महत्त्वपूर्ण भूमिका खेल्न सक्थे । तर, मिडियाले जानेर वा नजानेर, चाहेर वा नचाहेर संघीयताका जानकारलाई पर्याप्त स्थान दिनुभन्दा पनि 'टीआरपी' को दौडमा विकाउ मुद्दा पछ्याउने प्रवृत्ति देखाए । प्रदेश सरकारले सामाजिक क्षेत्रमा गरेको लगानी, मानव विकास सूचकांकमा देखिएको सुधार, पर्यटन प्रवर्द्धनका प्रयासजस्ता सकारात्मक पक्षमाथि उचित ध्यान दिइएन । बरु सरकार परिवर्तन, मन्त्रीहरूको हेरफेर, रहनसहन वा भद्दा जीवनशैलीलाई बढाइचढाइ प्रस्तुत गरियो । यसरी प्रचारको सन्तुलन गुम्दा प्रदेश संरचनाप्रति नकारात्मक धारणा निर्माण हुँदै गयो । भ्रष्टाचारका घटना विगतमा नभएका होइनन् । तर, मिडियाले प्रदेश सरकार स्थापना भएपछि मात्रै भ्रष्टाचार अस्वाभाविक रूपमा बढेजस्तो देखाएर समाचार प्रस्तुत गरे । साभार ईकान्तिपु ।

### मधेस भवन निय.........

सभामुख आफ्नो कार्यालयमा गएर दैनिक कामकाज गर्दै आएका छन् । सम्पर्कमा आएका सभामुख रामचन्द्र मण्डलले भने, 'मुख्यमन्त्री नियुक्तिको सबै प्रक्रिया वैधानिक छ । प्रदेश प्रमुखले संविधान अनुसार नै गर्नुभएको छ । त्यसमा चित्त नबुझ्दा न्यायका लागि सांसदहरू अदालतमा पनि जानु भएको छ ।' चित्त नबुझ्दा न्याय खोज्नु सबैको अधिकारको कुरा भएको जिकिर गर्दै सभामुख मण्डलले अदालतमा रिट दायर भइसकेपछि आन्दोलन गर्न नमिल्ने तर्क गरे । अदालतले मुद्दा दायर गरिसकेपछि आन्दोलन छाडेर अदालती प्रक्रियालाई कुर्नुपर्नेमा

### कोप : भव्य अवसर...

कसरी हुन्छ ? सम्मेलनका विषयगत बैठकमा प्रभावकारी नेगोसिएसन गर्न प्रतिनिधिहरूबीच प्राथमिकता अनि अडानमा राष्ट्रिय रूपमा बलियो र साझा बुझाइ हुनुपर्छ । जर्मनीको बोनमा भएको बैठकपछि कोप-३० का लागि तयार भएको प्रस्तावहरूको मस्यौदामा समावेश विषयमा देशीय प्रतिनिधित्व कसले गर्दै छ ? प्रस्तावित एजेन्डामा हाम्रा र हामी संलग्न भएको देशीय समूहको अडान के हो ? यी विषयमा सरकारले केही पनि स्पष्ट पारेको छैन । सम्मेलनमा छलफलका प्रस्तावित एजेन्डामा नेपालको अडान के हुने ? यसमा पनि राष्ट्रिय स्थितिपत्र स्पष्ट छैन । थेसिस आकारको दस्तावेज हुबहु वाचन गरेर सुनाउन मिल्ने अवस्था त्यहाँ रहँदैन । हानि, नोक्सानी, अनुकूलन, वित्त, ग्लोबल स्टक-टेकलगायत महत्त्वपूर्ण बैठकमा नेपालको प्रतिनिधित्व सम्भव छैन । आर्थिक तथा प्राविधिक सहयोगसम्बन्धी छलफलमा पनि उपस्थिति शून्य हुने जोखिम छ । आफ्नो अडानमा वार्ता गर्न ठूला देशले दर्जनौं विज्ञको टोली पठाएका हुन्छन् । कोप-पर्यटक र कोटाका प्रतिनिधिबाट नेपालको प्रभावकारी प्रस्तुति अपेक्षा गर्नु निरर्थक हुनेछ । गहन बुझाइ नहुँदा जिम्मेवारी पाउने व्यक्तिले पनि प्रभावकारी भूमिका निर्वाह गर्न सक्दैन । कोप-२९ को एउटा नेगोसिएसन बैठकमा नेपालका प्रतिनिधिले छलफलका क्रममा उपयुक्त समयमा विषयवस्तुबारे धारणा नराख्दा लज्जास्पद स्थिति बेहोर्नुपरेको थियो । साभार ईकान्तिपु ।

उनले जोड दिए । 'आन्दोलन तथा तोडफोडले कसैलाई हित गर्दैन । धनजनको क्षति अन्ततः जनतामाथिकै भार हो । त्यसैले आन्दोलन र तोडफोड छाडेर आदलतको निर्णयलाई कुर्न म सबैलाई आग्रह गर्छु,' सभामुख मण्डलले भने । जसपा नेपालका प्रदेश सभा सदस्य रामअशिष यादवले आफूहरू शान्तिपूर्ण आन्दोलनमा रहेको बताए । उनले भने, 'आज कहीं कतै तोडफोड, हिंसात्मक आन्दोलन भएको छैन । हामी शान्तिपूर्ण आन्दोलनमा छौं ।

### बीरगञ्जमा एमाले.......

पार्ने विदेशी एजेन्डा" भएको बताए । सांसद पुनःस्थापनाको मागलाई पार्टीको मुख्य राजनीतिक अभियानको रूपमा अघि बढाइने जनाउँदै, उनीहरूले वर्तमान सरकारलाई "असंवैधानिक र जनमतविहीन दलाल सरकार" को संज्ञा दिएका छन् । सहजीकरण महानगर सचिव लियाकत अलीले गरेका थिए ।

### १५ दिनपछि खुल्यो.......

सदस्य मनोज कुमार जैसवालले मेयरले बोलाउने आगामी बैठकमा कुनै पनि प्रस्तावमा हस्ताक्षर नगर्ने सहमति भएको बताए । उनले भने, "पहिले तलब निकासाको प्रक्रिया अघि नबढाएसम्म अन्य एजेन्डामा सहमति हुनेछैन भन्ने हाम्रो निर्णय छ ।"

### मधेस सरकारमा..................

भएको टिप्पणी गरेका थिए । उनले विच्छालाई तत्काल सरकारबाट फिर्ता हुन निर्देशन दिए पनि उनले हालसम्म राजीनामा दिएकी छैनन् । स्मरण रहोस्, मधेस प्रदेशमा नयाँ सरकार गठन प्रक्रिया विवादित बनेको थियो र सोही विवादका कारण

# स्वास्थ्य

## के हुन्छ ? जब गर्भावस्थामा एन्टिबायोटिक औषधि खाइन्छ



गर्भावस्थाको नौ महिना निकै संवेदनशील हुन्छ । यस अवधिभर आमा र बच्चा दुवै स्वस्थ रहन आमाले धेरै कुरामा सावधानी अपनाउनुपर्छ । यसमा खानपानदेखि औषधिसम्मका कुरामा ध्यान दिनुपर्छ । गर्भावस्थामा चिकित्सकको सल्लाहबिना औषधि खानु आमा र बच्चाकै लागि जोखिम हुन सक्छ । त्यसोभए गर्भावस्थाको बेला स्वास्थ्य समस्या देखिए औषधि खानु परे के गर्ने ? गर्भास्थामा स्वास्थ्य समस्या धेरै किसिमको हुन सक्छ । यस्तोमा समस्या देखिने बित्तिकै यसको समाधानतर्फ लाग्नुपर्छ । धेरैको धारणा के छ भने गर्भावस्थामा औषधि खानै हुँदैन । तर कुनै पनि औषधि खान नहुने भन्न मिल्दैन । सकेसम्म औषधि नखाएको राम्रो हो । यद्यपि औषधिबिना स्वास्थ्य झनै बिग्रिने अवस्था छ भने परीक्षणपछि चिकित्सकको सल्लाहमा खान सकिन्छ । तर औषधि खाँदा सानो भन्दा सानो समस्यामा पनि चिकित्सकको सल्लाह अनिवार्य हुन्छ । चिकित्सकले जुनसुकै औषधि पनि गर्भमा रहेको शिशुको अवस्थालाई मध्यनजर गरेर दिन सक्छन् । उदाहरणका लागि गर्भमा सन्तान छ तर महिला पहिलेबाट मानसिक रोग वा माइग्रेन छ भने उनीहरुको औषधिलाई निरन्तरता दिने वा डोज कम गर्ने भन्ने कुरा सम्बन्धित चिकित्सकले निर्क्योल गर्छन् ।

कतिपय उच्च डोजको औषधि खानुपर्ने अवस्था छ भने त्यसले शिशुलाई हानि गर्ने अवस्थामा गर्भधारण नगर्न पनि सुझाउनुपर्ने हुन्छ । **औषधि छुटाउन नमिल्ने रोगमा के गर्ने ?** मधुमेह, उच्च रक्तचाप जस्तो दीर्घ समस्यामा हतपत औषधि छोड्न मिल्दैन । तर मधुमेह वा उच्च रक्तचापको औषधि पहिलेदेखि खाइरहेकी महिलामा गर्भ बसेमा यसलाई नियन्त्रण गर्ने उपायका साथै कुन औषधिले सन्तान र आमालाई कमभन्दा कम असर गर्छ भन्नेतर्फ लाग्नुपर्छ । किनभने रक्तचापको कतिपय औषधि साइड-इफेक्ट गर्ने खालका हुन्छन् भने कतिपय औषधि कम साइड इफेक्ट गर्ने हुन्छन् । बच्चा, आमा र दीर्घरोगलाई नै मध्यनजर गर्दै सम्बन्धित रोगको चिकित्सकको सल्लाहमा औषधि सेवन गरी प्रक्रिया अघि बढाउनुपर्छ ।

**अन्य रोगको शल्यक्रिया गर्न मिल्छ ?** गर्भावस्थाको बेला शरीरमा अन्य गम्भीर रोग पनि लाग्न सक्छन् । कतिपय रोगमा शल्यक्रिया नै गर्नुपर्ने अवस्था समेत आउन सक्छ । तर कुनै पनि शल्यक्रिया गर्भ बसेको तीन महिनासम्म गर्न मिल्दैन ।

किनभने त्यो समय संवेदनशील हुने भएकाले गर्भ खेर जाने जोखिम हुन्छ । त्यसैले त्यसको तीन महिनापछि बच्चा र आमाको स्वास्थ्यलाई ध्यानमा राखेर रोगको अवस्था हेरेर सावधानीपूर्वक शल्यक्रिया गर्न सकिन्छ ।

निर्धारित मापदण्डको पालना गरौं, नक्सा पास गरी निर्माण कार्य गरौं ।

परवानीपुर गाँउपालिकाको कार्यालय,परवानीपुर, बारा

सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौं,नाद,खुटा आदी नराखौं ।

करैयामाई गाउँपालिकाकोकार्यालय
करैया, बारा

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गराऔं ।

पटेर्वा सुगौली गाउँपालिकाको कार्यालय
पटेर्वा सुगौली, पर्सा

# उपेन्द्र यादवले जसपा एकताका लागि अशोक राईलाई प्रस्ताव





*जनकपुर,२५ कात्तिक ।*

जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले पार्टी एकताका लागि जसपा अध्यक्ष अशोक राईलाई प्रस्ताव गरेका छन् । २०७८ वैशाखमा उपेन्द्र यादव नेतृत्वको जसपा नेपालबाट अलग भई अशोक राईले आफ्नो पार्टी गठन गरेका थिए । डेढ वर्षपछि यादवले राईसँग पार्टी एकताको पहल गरेका हुन् । घर फर्क अभियान अन्तर्गत यादवले पार्टीका शीर्ष नेताहरूलाई पठाएर राईसँग एकताको सम्भावित अवसरबारे प्रस्ताव गरेका हुन् । जसपा महासचिव इस्तियाक राईले यस प्रस्तावलाई स्वीकार गर्दै भने, “एकता र सहकार्यका लागि प्रस्ताव आएको हो । जसपा नेपालका शीर्ष नेताहरू हामीसँग कुरा गर्न आएका छन्, त्यसलाई हामीले सकारात्मक रूपमा लिएका छौं ।” तर उनले जोड दिए कि जसपाको प्राथमिकता तत्काल एकता नभई मोर्चा निर्माण र कार्यगत सहकार्यमा छ । राईले भने, “विगतमा भएका एकता मधेसमा टिकेका छैनन् । अधिकार र पहिचानको मुद्दामा एक साथ लड्न मोर्चाबन्दी र कार्यगत एकता उत्तम माध्यम हुन सक्छ ।” उनले स्पष्ट पारे कि पार्टी हतारमा कुनै एकता गर्न नचाहेको र एकता तथा सहकार्यका लागि कार्यदल गठन गरिएको छ । अहिलेसम्म कुनै पनि पार्टीसँग एकता गर्ने विषयमा निर्णय भएको छैन । राईले सञ्चारमाध्यममा आएका “जसपा-नेकपा एकता” सम्बन्धी खबरहरू असत्य रहेको समेत बताए । कात्तिक २० गते सम्पन्न केन्द्रीय समितिको बैठकमा पनि एकता र सहकार्यबारे छलफल भएको थियो । आगामी कार्यकारिणी समितिको बैठकमा कुन पार्टीसँग एकता गर्ने वा नगर्ने विषयमा निर्णय हुने जनाइएको छ ।उपेन्द्र यादवले अशोक राईको पार्टीसँग मात्रै नभई महन्थ ठाकुर नेतृत्वको लोसपा नेपालसँग पनि एकताका लागि पहल थालेको छन् ।

यादव र ठाकुरबीच नियमित छलफल भइरहेको छ । यससँगै तत्कालीन मधेसी जनअधिकार फोरम नेपालदेखि विभिन्न समयमा अलग भएका नेता र कार्यकर्ताहरूलाई जसपा नेपालमा फर्केर समावेश हुन आग्रह गरिएको छ ।

# मधेस भवन नियन्त्रणमा लिँदै सात दलले मुख्यमन्त्री र मन्त्रीलाई प्रवेश निषेध गरे



*जनकपुर,२५ कात्तिक ।*

मधेस प्रदेशमा मुख्यमन्त्री नियुक्तिको विषयलाई लिएर आन्दोलन सुरु भएको छ । मधेस प्रदेशको राजधानी जनकपुरधामलगायत विभिन्न जिल्लामा प्रदर्शन भइरहेका छन् । मधेस सरकारको प्रशासनिक केन्द्र रहेको मधेस भवन अहिले सात दलको कब्जामा छ । मधेस भवन अगाडि कांग्रेस, माओवादी, नेकपा एकीकृत समाजवादी, जसपा नेपाल, जनमत पार्टी, लोसपा नेपाललगायतका दलहरूले प्रदर्शन गरिरहेका छन् । ती दलले मुख्यमन्त्री तथा मन्त्रीलाई मधेस भवनभित्र जान दिइरहेका छैनन् । सोमबार शपथ लिएका मुख्यमन्त्री सरोजकुमार यादवले हालसम्म पदभार ग्रहण गर्न पाएका छैनन् । अन्य मन्त्री पनि भित्र जान सकिरहेका छैनन् । आन्दोलनको डरले कतिपय कर्मचारीसमेत मधेस भवनभित्र गइरहेका छैनन् । मधेसका तत्कालीन प्रदेश प्रमुख सुमित्रा भण्डारीले अवैधानिक ढंगबाट मुख्यमन्त्री यादवलाई शपथ खुवाएको दाबी गर्दै एमाले बाहेकका दल आन्दोलनमा उत्रिएका छन् । लोकतान्त्रिक समाजवादी पार्टी नेपालका महासचिव डा.सुरेन्द्र झाले लोकतन्त्रको मूल्य-मान्यतामाथि तत्कालीन प्रदेश प्रमुख र सभामुख रामचन्द्र मण्डलले ठाडो हस्तक्षेप गरेपछि आफूहरू आन्दोलनमा उत्रन बाध्य भएको बताए । यो देशमा गणतन्त्र लडेर नै ल्याइएको हो र यसलाई लडेरै जोगाउने हो । चुपचाप बसेको भए यो संघीयता र गणतन्त्र उहिले समाप्त भइसकेको हुन्थ्यो,’ झाले भने, ‘यसरी आन्दोलन गर्नु हाम्रो रहर होइन, बाध्यता हो ।’ मुख्यमन्त्री को बन्छ वा को बन्दैन भन्ने मुख्य कुरा नभएको प्रस्ट पार्दै झाले संघीयता र गणतन्त्रमाथि जुन ढंगले प्रहार भयो, त्यो मुख्य कुरा रहेको बताए । यता मुख्यमन्त्री सरोजकुमार यादव निवर्तमान मुख्यमन्त्री जितेन्द्र सोनलले ठाउँ खाली गरेपछिमात्र आफू मुख्यमन्त्री कार्यालयमा जाने बताउँछन् । सोनलले मुख्यमन्त्री कार्यालय कब्जा गरेका कारण आफू पद बहालीमा नगएको उनको भनाइ छ । यादवले भने, ‘मधेस भवनमा मुख्यमन्त्री बस्ने ठाउँ पनि छैन, जेनजी आन्दोलनको क्रममा तोडफोड र आगजनी भएपछि त्यो अझै बनेको छैन । मैले कार्यकक्ष तयार गर्न भनेको छु, त्यो तयार भएपछि म त्यहाँ गएर पदभार ग्रहण गर्छु ।’तर कांग्रेस, माओवादी, लोसपा, जसपा नेपाललगायतका दलका नेता तथा सांसदले मुख्यमन्त्रीलाई मधेस भवन छिर्न नदिने चेतावनी दिइरहेका छन् । चोर बाटोबाट मुख्यमन्त्री नियुक्त भएको भन्दै उनीहरूले यादवलाई मुख्यमन्त्रीको रूपमा मधेस भवनमा छिर्न नदिने प्रस्ट पारे । प्रदेश सभाका सभामुखको कार्यकक्ष मधेस भवन बाहिर रहेकाले उनीमाथि त्यति दबाब छैन ।

बाँकी तेश्रो पृष्ठमा

# मधेस प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णले लिए शपथ



*जनकपुर,२५ कात्तिक ।*

मधेस प्रदेशको मुख्यमन्त्री नियुक्तिमा विवाद बढेपछि पदमुक्त गरिएकी सुमित्रा सुवेदी भण्डारीको स्थानमा राष्ट्रपति रामचन्द्र पौडेलले सुरेन्द्र लाभ कर्णलाई नयाँ प्रदेश प्रमुखको रूपमा शपथ ग्रहण गराएका छन् ।

मङ्गलबार राष्ट्रपति भवन शीतल निवासमा आयोजित एक समारोहमा राष्ट्रपति पौडेलले कर्णलाई पद तथा गोपनीयताको शपथ गराएका हुन् ।

नवनियुक्त प्रदेश प्रमुख कर्णले यस्तो समयमा पदभार ग्रहण गरेका छन्, जब मधेस प्रदेशको राजनीतिक वातावरण निकै तनावपूर्ण छ । यसअघिकी प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले एमाले अध्यक्ष केपी शर्मा ओलीको सल्लाहमा भन्दै सोमबार बिहान सबेरै बर्दिबास र सिन्धुलीको सिमानामा पर्ने ‘पानस होटल’ मा नवनियुक्त मुख्यमन्त्रीलाई सुटुक्क शपथ गराएको घटनालाई लिएर सरकारले उनलाई पदमुक्त गर्न सिफारिस गरेको थियो ।

सोही विवादित कार्यका कारण भण्डारीले पद गुमाएकी थिइन् । मधेस प्रदेशको मुख्यमन्त्री नियुक्तिविरुद्ध विपक्षी दलहरूले सर्वोच्च अदालतमा रिट समेत दायर गरिसकेको अवस्थामा नयाँ प्रदेश प्रमुख कर्णको भूमिका थप चुनौतीपूर्ण र महत्त्वपूर्ण हुने देखिन्छ ।

# मधेसको घटना लोकतन्त्रकै अपमान हो : नारायणकाजी श्रेष्ठ



*जनकपुर,२५ कात्तिक ।*

नवगठित नेपाली कम्युनिस्ट पार्टीका नेता नारायणकाजी श्रेष्ठले मधेस प्रदेशमा भएको पछिल्लो राजनीतिक घटनालाई लोकतान्त्रिक मूल्य र नैतिकतामाथिको गम्भीर अपमान भनेका छन् । श्रेष्ठले सोमबार मधेस प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले नेकपा एमालेका नेता सरोजकुमार यादवलाई बर्दिबासस्थित एक होटल (पानस होटल)बाटै मुख्यमन्त्रीको रूपमा शपथ गराएको घटनाप्रति कडा आपत्ति जनाएका हुन् । उनका अनुसार यस्तो कदमले देशमा लोकतान्त्रिक आचरण र राजनीतिक नैतिकताको अवमूल्यन भएको स्पष्ट संकेत दिएको छ । “यसरी होटलमा मुख्यमन्त्री बनाइने अभ्यासले जनआन्दोलन र जेन(जी आन्दोलनले दिएको चेतनालाई ठाडै बेवास्ता गरेको देखिन्छ,” श्रेष्ठले भने, “यो लोकतान्त्रिक अभ्यासमाथिको अपमान हो ।”श्रेष्ठले जेन(जी आन्दोलन)ले राजनीतिक दल र नेताहरूको शुद्धिकरण तथा रूपान्तरणलाई मूल मुद्दा बनाएको स्मरण गर्दै अहिले देखिएको प्रवृत्ति त्यही चेतनाको प्रतिकूल भएको बताए । उनका अनुसार राजनीतिक दलहरूले जनआन्दोलन र जेन(जी) बाट आएको सन्देशलाई अझै गम्भीर रूपमा नलिएको प्रमाण यही हो । “राजनीतिक दल र नेताहरू अझै पनि पुरानै ढर्रामा चलिरहेका छन्,” उनले भने, “यदि यो सोच परिवर्तन भएन भने देशको राजनीतिक भविष्यका लागि यो अत्यन्तै घातक हुनेछ ।” श्रेष्ठले अन्त्यमा सबै जेन(जी) आन्दोलनका सहभागीहरू र त्यसका सकारात्मक सन्देशलाई आत्मसात् गर्ने जनतालाई पुन: एकपटक राजनीतिक शुद्धता र रूपान्तरणका पक्षमा आवाज उठाउन आग्रह गरे ।

# कुलमानसँग सहमति नजुटेपछि सुदन, बालेन र सुमना “नेपाल जनसेवा पार्टी”को तयारीमा



*काठमाडौं,२५ कात्तिक ।*

ऊर्जा मन्त्री कुलमान घिसिङ र जेनजी आन्दोलनबाट उदाएका सुदन गुरूङबीच सहकार्यको प्रयास असफल भएको छ । मंगलबार बिहान दुई पटक भएको छलफलमा सहमति नजुटेपछि दुवै पक्ष अलग-अलग बाटो रोज्ने भएका हुन् । कुलमानले आफू गठन गर्न लागिरहेको ‘उज्यालो नेपाल पार्टी’ मा सुदनलाई सहभागी हुन आग्रह गरे पनि पार्टीको नाम र नेतृत्वमा मतभेद भएपछि सहकार्य सम्भव नभएको सुदन निकट स्रोतले जनाएको छ । “कुलमान दाइले जेनजी आन्दोलनका मुद्दा समेट्ने लचिलोपन देखाउनुभएन, त्यसैले सहमति हुन सकेन,” स्रोतले भन्यो । सहमति टुटेपछि सुदन गुरूङले नयाँ राजनीतिक शक्ति गठनको तयारी अघि बढाएका छन् । उनका अनुसार, काठमाडौं महानगरका मेयर बालेन्द्र शाह (बालेन) र राष्ट्रिय स्वतन्त्र पार्टीकी नेतृ सुमना श्रेष्ठ समेत मिलेर नयाँ दल ‘नेपाल जनसेवा पार्टी’ गठन गर्ने तयारी भइरहेको छ । पार्टीको नेतृत्वमा जेनजी आन्दोलनका सहिद परिवारका सदस्य भोजविक्रम थापालाई अघि सार्ने निर्णय भएको सुदनको टिमले जनाएको छ । “नेपाल जनसेवा पार्टी नाम प्रस्ताव गरिएको छ, र संयोजकमा भोजविक्रम थापा रहनेछन्,” सुदनका सहयोगीले जानकारी दिए । नयाँ दलमा बालेन-सुमना बाहेक कलाकार निश्चल बस्नेतको टिम र रास्वपाका पूर्वनेता गणेश कार्की पनि जोडिने तयारीमा छन् । यी दुवै समूहले मंगलबार वा बिहीबारसम्म निर्वाचन आयोगमा पार्टी दर्ता गर्ने योजना बनाएका छन् । यता, ऊर्जा मन्त्री रहेकाले कुलमान घिसिङ तत्काल सक्रिय राजनीतिमा नजाने र ‘उज्यालो नेपाल पार्टी’ दर्ता प्रक्रिया पूर्वऊर्जा सचिव अनुपकुमार उपाध्यायको नेतृत्वमा अघि बढाइने बताइएको छ । मेयर बालेन शाह भने तत्काल प्रत्यक्ष रूपमा जनसेवा पार्टीको गतिविधिमा देखिन नचाहने बताइएको छ । एक नेताका अनुसार, “बालेन महानगरको जिम्मेवारीमा रहेका कारण औपचारिक रूपमा देखिँदैनन्, तर राजनीतिक रणनीति समन्वयमा उनको भूमिका रहनेछ ।”

# मधेस सरकारमा सहभागी राप्रपा सांसदलाई २४ घण्टे स्पष्टीकरण

*जनकपुर,२५ कात्तिक ।*

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले मधेस प्रदेश सरकारमा सहभागी भएकी आफ्नी एक्ली प्रदेश सांसद कञ्चन बिच्छा साहलाई स्पष्टीकरण सोधेको छ । पार्टीको नीति र हितविपरीत सरोजकुमार यादव नेतृत्वको विवादित सरकारमा मन्त्री बनेको आरोपमा राप्रपाको केन्द्रीय अनुशासन आयोगले मङ्गलबार बिच्छालाई २४ घण्टे स्पष्टीकरण सोधेको हो । राप्रपाका प्रवक्ता मोहन कुमार श्रेष्ठले दिएको जानकारीअनुसार अनुशासन समितिका सदस्य भक्ति प्रसाद सिटौलाको हस्ताक्षरमा पठाइएको पत्रमा पार्टी र नेतृत्वसँग कुनै छलफल वा परामर्श नगरी एमाले नेतृत्वको सरकारमा समावेश हुनु पार्टीको नीति, सिद्धान्त र हित विपरी भएको उल्लेख छ ।पत्रमा ‘राप्रपाको विधान बमोजिम किन कारबाही र सजाय गर्न नपर्ने हो? नपर्ने भए प्रमाणसहित २४ घण्टाभित्र लिखित स्पष्टीकरण पेस गर्नु भनिएको छ । यसअघि, सोमबार राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले नै मधेस सरकारमा पार्टी सदस्यको सहभागिताप्रति गम्भीर ध्यानाकर्षण भएको बताउँदै उक्त कार्यलाई अनुशासनको गम्भीर उल्लङ्घन

बाँकी तेश्रो पृष्ठमा

## गोखुल अपार्टमेन्टमा...............

छ । विवादित जग्गा, बाटो नहुने समस्या र ग्राहकहरूको अनिच्छाका कारण अपार्टमेन्टका फ्लाटहरू अहिलेसम्म बिक्री हुन सकेका छैनन् । दलालहरूको सक्रियता र मूल्य घटाएर बिक्रीको प्रयास गरे पनि माग कमजोर देखिएको छ । हाल ठूला फ्लाटलाई साना युनिटमा रूपान्तरण गरी वीरगंजबाहिरका ग्राहकहरूलाई आकर्षित गर्ने प्रयास भइरहेको छ ।


निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।

जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।

सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।

छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।

ठोरी गाँउपालिकाको कार्यालय, ठोरी, पर्सा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।

विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।

जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा